नयाँ क्यानेडियनहरूको संगठन एउटा बिना-फाइदा, समूदाय आधारित संस्था हो जुन आप्रवासीहरू र शरणार्थीहरूको लागि बसोबास र स्तरवृद्धिको प्रबन्ध मिलाउनको लागि समर्पित छ। झन्डै तीस वर्ष देखि, यस संस्थाले नयाँ आगन्तुकहरूको स्तरवृद्धिको सबै आधारहरूलाई समर्थन गर्नको लागि बसोबास सहायता र अरू विभिन्न कार्यक्रम र सेवाहरू उपलब्ध गराउँदै आएको छ। यस संस्थाले ट्र्याक रेकर्ड, आप्रवासीहरूलाई क्यानेडियन समाजमा स्तरवृद्धि गराउन मद्दतको लागि गरेको काममा राष्ट्रिय पहिचान हासिल गरेको साबीत गरिसकेको छ। वार्षिक रूपमा यस संस्थाले 155 जना भर्खरै-आएका सरकारी सहयोगको शरणार्थीहरू (GARहरू) र साथ-साथै अरू आप्रवासी कोटाहरू अन्तर्गत क्यानडामा आएका अन्दाजी 400 आप्रवासीहरूलाई सेवाहरू प्रदान गर्ने गर्दछ।

अनुभवी र बहुआयामिक टोली मार्फत, यस संस्थाले बहु-स्तरिय सेवाहरू उपलब्ध गराउँदछ जसले स्तरवृद्धि स्रोतको सबै चरणहरूलाई समर्थन दिने गर्दछ। यसमा समावेश:

पुनर्वास सहायता: यस कार्यक्रमलाई सरकारी सहयोगको शरणार्थीहरूका लागि प्रारम्भिक बसोबास आवश्यकताहरू पुर्‍याउनको लागि परिकल्पना गरिएको छ। राज्यमा आगमन भएको लगतै, शरणार्थीहरूले तिनीहरूको नयाँ समूदायसँग परिचित गराउन मद्दतको लागि आवश्यक सहयोग प्राप्त गर्नेछन्। यस कार्यक्रमकै एउटा पक्ष भएकोले, शरणार्थीहरूले व्यापक अन्तर्क्रियात्मक प्रक्रियामा भाग लिने छन् जसले क्यानेडियन जीवन, समूदाय र संस्कृति बारे जानकारी उपलब्ध गराउँदछ।

**बसोबास, अन्तरक्रिया र स्तरवृद्धि सेवाहरू:** यस कार्यक्रमले आप्रवासीहरूलाई समावेशिकरण र स्तरवृद्धि प्रक्रियाको सुविधा दिन मद्दतको लागि कार्यक्रमहरू र सेवाहरूको रचना उपलब्द गराउने गर्दछ। यी सेवाहरूले बोसबास स्रोतलाई फराकिलो बनाउँदछ, जुन जानकारी र अन्तरक्रियात्मक सत्रहरू, र परामर्शको लागि कार्यथलोहरू, सामाजिक सेवा ब्रिजिङ र रोजगार सेवाहरूको दायरा भित्र पर्दछ।

**विद्यालय कार्यक्रममा बसोबास कामदारहरू:** यस कार्यक्रमले आप्रवासी बालबालिका, युवा र तिनीहरूको परिवारसँगै तिनीहरू नयाँ संस्कृति, समूदाय, र विद्यालय वातावरण भित्र जाने परिवर्तनमा समर्थन प्रदान गर्ने गर्दछ। SWIS परामर्शदाताहरूले पनि शिक्षकहरू र विद्यालयका व्यवस्थापकहरूसँग विविधता स्वीकार गर्ने वातावरण सिर्जना गर्नको लागि नजिकै रहेर काम गर्ने गर्दछन्।

**स्वयंसेवकको सम्बन्धहरूको कार्यक्रम:** सन् 1985 देखि, नयाँ क्यानेडियनहरूको संगठनले' आप्रवासीहरूलाई तिनीहरूको समूदायको स्वयंसेवकहरूसँग जोडा मिलाई तिनीहरूलाई क्यानेडियन संस्कृतिको ज्ञान हासिल गर्न, तिनीहरूको भाषा सीपहरू अभ्यास गर्न, साथै अरू स्तरवृद्धि आवश्यकताहरू थाहा गराउँदै क्यानडाको जीवन प्रविधिसँग समायोजित हुन मद्दत गरिरहेको छ।

**भाषा तालिम र लेखाजोखा सेवाहरू:** यस संस्थाले सन् 1989 देखि दोस्रो भाषा तालिमको रूपमा अङ्ग्रेजी प्रदान गर्दै आएको छ, र हालको समयमा पूर्व-बेन्चमार्क (साक्षरता) देखि क्यानेडियन भाषा बेन्चमार्क स्तर 5 (अन्तरमाध्यमिक) सम्मका कक्षाहरू प्रदान गरि रहेको छ। यस संस्थाले विद्यालयमा उपस्थित हुन नसक्नेहरूको लागि **फिरन्ते कार्यक्रम** मार्फत जानकारी उपलब्ध गराउने गर्दछ; सेन्ट. जन्स नगरपालिका क्षेत्र बाहिर आप्रवासीरहरूको लागि **बाह्यपहुँच कार्यक्रम** मार्फत एक-एक गरि अध्ययन उपलब्ध गराउने गर्दछ; र प्रान्तीय सरकारसँगको सहकारीतामा, प्रति हप्ता **बेलुकी कक्षाहरू** उपलब्ध गराउने गर्दछ। थपमा, ANC ले यस प्रान्त भित्र रहेको एक मात्र क्यानेडियन भाषा बेन्चमार्कहरू (CLB) **लेखाजोखा केन्द्र** सञ्चालन गर्दछ।

**अनुभव हासिल गर्ने; सीपहरूको स्तरवृद्धि गराउने (AXIS):** यस कार्यक्रमले कार्यजीवन-केन्द्रीत रोजगार कार्यक्रमहरू र सेवाहरू प्रदान गर्नुका साथै कार्यथलो सञ्चारहरूको तालिम अनुकूलन गर्ने गर्दछ। सरकार, उद्योग र समूदायका सबै स्तरहरूसँग रोजगारदाताहरू र सहकारी साझेदारीहरूको संलग्नताबाट, AXIS ले क्यानडामा आउने नयाँ आगन्तुकहरूको लागि सफल कामदार बजार स्तरवृद्धिको सुविधा प्रदान गर्ने उद्देश्य राख्दछ। यी सेवाहरू पूर्व-रोजगार सीपहरू, विकास तालिमहरू,कार्यजीवन सम्बन्धहरू, र ब्रिज-टु-वर्क कार्यक्रमहरूको लागि कार्यजीवन आवश्यकताहरू, इ-रोजगार कार्यजीवन परामर्श, र व्यवसाय सुरुवात सहयोगको दायरा भित्र पर्दछन्।

**सार्वजनिक शिक्षा/क्षमता निर्माण:** यस संस्था सार्वजनिक शिक्षाको लागि वचनबद्ध रहेको छ र आप्रवासीहरूलाई आकर्षित गर्न र कायम राख्नको लागि समूदायहरूलाई स्वागत् गर्नुको महत्त्वलाई वृद्धि गर्दा-गर्दै क्रस-सांस्कृतिक जागरुकतालाई प्रोत्सान गर्न फराकिलो विविधताको क्रियाकलापहरूको सुविधा दिने गरेको छ। समूदायलाई संलग्न गराउन र नयाँ आगन्तुकहरूको समावेशिकरण र स्तरवृद्धिलाई समर्थन गर्न, यस संस्थाले विभिन्न क्षमता निर्माण क्रियाकलापहरू पनि सुरुवात गर्ने गर्दछ। नाजुक समस्याहरूको सामना गर्न र आप्रवाससँग सम्बन्धित नीति विकासमा योगदान दिनको लागि कर्मचारीहरू, स्वयंसेवकहरू र नयाँ आगन्तुकहरू सक्रिय रूपमा स्थानीय र राष्ट्रिय कार्यकारी समूहहरू, बोर्डहरू र समितिहरूमा संलग्न रहेका छन्।

**समर्थन सेवाहरू:** भाषा कक्षाहरू सम्म र बाट आउने जाने यातायात, बिना-शुल्क जानकारी मद्दतलाइन, दोमासे सेवाहरू, र दुई बालहेरचाह केन्द्रहरूमा पहुँच समावेश गरि, यस संस्थाले दक्ष नयाँ आगन्तुकहरूका लागि धेरै सङ्ख्यामा समर्थन सेवाहरू उपलब्ध गराउँदछ।

नयाँ क्यानेडियनहरूको संगठन यस विश्वासले अघि बढेको छ कि सफल स्तरवृद्धि एउटा चलिरहने प्रक्रिया हो जुन सीपहरू बढाउने, सामूदायिक जागरुकतालाई प्रोत्साहन गर्ने, र नागरिक संलग्नताको अवरोधहरूलाई घटाउने उद्देश्यले भित्री र पूरक नेतृत्वहरू प्रदान गर्नाले बलियो हुने गर्दछ। सबै कार्यक्रमहरू र सेवाहरू गोप्य र सांस्कृतिक रूपमा संवेदनशील ढाँचामा प्रदान गरिन्छ र हाम्रो भित्री गुणहरू प्रतिको वचनवद्धताले विशेष ध्यान दिइएको छ: व्यापकता, अरूको आदर, प्रतिष्ठा, पूर्णता, अधिकार, स्वतन्त्रता, र समान्ता।

हाम्रो कार्यक्रमहरू र सेवाहरूको थप विस्तृत रूपरेखाको लागि हामी तपाईलाई यस वेबसाइट अन्वेषण गर्न निमन्त्रणा दिन्छौँ। हामी आशा गर्छौं कि हाम्रो वेबसाइट तपाईको लागि उपयोगी र जानकारी मूलक दुवै होस्, र निउफाउन्डल्याण्ड(Newfoundland) र ल्याब्रडोर(Labrador) मा बसोबास गरि रहेका आप्रवासीहरू र शरणार्थीहरूको लागि प्रदान गरिएको कार्यक्रमहरू र सेवाहरू बारे तपाईसँग रहेका कुनैपनि प्रश्नहरूलाई हामी स्वागत् गर्दछौं।